नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

दिक्तेल, खोटाङ

आ. व. २०७४/०७५ को वार्षिक जिल्ला विकास योजना तर्जुमाका लागि आयोजित

# पूर्व योजना तर्जुमा गोष्ठी

२०७३ मंसिर ०५ गते


**प्रस्तुतकर्ता**

नरहरि सापकोटा

योजना अनुगमन तथा प्रशासकीय अधिकृत

# अनुसूची ११

## कार्यविधिको दफा २० को उपदफा (५) सँग सम्वन्धित

## सहभागितामूलक समावेशी योजना तर्जुमा प्रक्रिया

### समय तालिका



# पूर्वयोजना तर्जुमा गोष्ठी

- वार्षिक जिल्ला विकास योजना तर्जुमा कार्यविधि, २०६८ – ( मन्त्रालयबाट स्वीकृत )
- बजेट सिलिङ्ग र मार्गदर्शन विष्लेषण र श्रोत साधनको पूर्वानुमान पश्चात मार्ग महिनाको दोश्रो हप्ता सम्म जिल्ला सदरमुकाममा पूर्व योजना तर्जुमा गोष्ठीको आयोजना गर्नु पर्नेछ ।
- पूर्व योजना तर्जुमा गोष्ठीका मुख्य उद्धेश्यहरु निम्न बमोजिम हुनेछन् :

(क) सहभागितात्मक योजना तर्जुमा प्रक्रियाबारे जानकारी गराउने ।

(ख) जिल्लाको वस्तुस्थिति र विकास अवस्था बारे छलफल गर्ने ।

(ग) नेपाल सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गनिर्देशन बारे जानकारी गराउने र छलफल गर्ने ।

(घ) गाविस तथा नगरपालिकाहरुलाई उपलव्ध गराउने बजेट सिलिङ्ग तथा मार्गनिर्देशन बारे जानकारी गराउने र आवश्यक छलफल गरी वितरण गर्ने ।

(ङ) गाविस, नगरपालिका, विषयगत निकाय, गैससहरुको भूमिका बारे छलफल गर्ने ।

(च) प्राथमिकता निर्धारण गर्ने आधार, सामाग्री तथा तरिका (Tools and Techniques ) बारे जानकारी गराउने ।

(छ) योजना माग फाराम (अनुसूची ६) के कसरी भर्ने बारे जानकारी दिने र वितरण गर्ने ।

(ज) इलाकास्तरीय योजना तर्जुमा बैठकहरु आयोजना गर्ने समय तथा स्थान निर्धारण गर्ने ।

# खोटाङ्ग जिल्लाको भौतिक पूर्वाधार विकासको अवस्था

# जिल्लाको पृष्ठभुमि

१) निर्वाचन क्षेत्र संख्या : २

२) नगरपालिका संख्या : १

३) गा.वि.स. संख्या : ७२

४) जम्मा घरधुरी संख्या : ४२,६६४

५) कुल जनसंख्या : २,०६,३१२

महिला : १,०९,२२०

पुरुष : ९७,०९२

६) साक्षरता : ६८.८३ %

महिला : ६१.१० %

पुरुष : ६६.६७ %

# स्थानिय सडक

- ट्र्याक खोलिएको सडक : ५६६ कि.मि
  - .DTMP मा परेका २४ सडकहरु मध्य ६वटा सडकहरु मात्र पुरा भएको ।
- सडक नपुगेको गा.वि.स. संख्या : ८
- विमान स्थल संख्या : ३
- झो. पु. : १६७ निर्माण भई संचालनमा रहेका

# खानेपानी तथा सरसफाई

- खानेपानीबाट लाभान्वित जनसंख्याको प्रतिशत : ८९.५९ %
- आ.व.२०७२।०७३ मा खुला दिसामुक्त जिल्ला घोषणा भएको ।

# सिंचाई

- जिल्लाको खेतियोग्य जमिनको क्षेत्रफल : ७५,५८५ हे.
  - ➢ बाह्रै महिना सिंचाई सुविधा पुगेको क्षेत्रफल : १३,७४६ हे.
  - ➢ मौसमी सिंचाई सुविधा पुगेको क्षेत्रफल : १०,५७९ हे.
  - ➢ कुल सिंचाई सुविधा पुगेको क्षेत्रफल : २४,३२५ हे.

- खाद्यान्न तर्फको हालको अवस्थाः
  - ➢जिल्लाको खाद्यान्न संचितिको अवस्था हेर्दा १,०६५ मे.टन रहेको जुन आवश्यकता भन्दा बढी भएको
  - ➢खाद्य सुरक्षाको अवस्था हेर्दा १ नगरपालिका सहित सबै ७२ गाविस न्यूनतम खाद्य असुरक्षाको अवस्थामा रहेको

# जल विद्युत

## हाल भइरहेको विद्युत आपुर्तिको अवस्था :

- केन्द्रिय प्रसारण लाइनबाट विद्युत आपुर्ति : ३८ गा.वि.स. र १ न.पा.
- स्थानिय लघु जलविद्युत आयोजनाहरुबाट विद्युत आपुर्ति : १७ गा.वि.स., ७७७ कि.वा. क्षमता
- पेल्ट्रिक सेट आयोजनाहरुबाट विद्युत आपुर्ति : ७ गा.वि.स., ३७.५ कि.वा. क्षमता
- सौर्य ऊर्जाबाट विद्युत आपुर्ति : १३,४०० घरधुरी, ४ विद्यालय र १ स्वास्थ केन्द्र
- सोलार ग्रिड सिस्टमबाट विद्युत आपुर्ति : २ गा.वि.स., बाहुनिडांडा -२२ कि.वा. र च्यास्मिटार- ९ कि.वा.

# सामाजिक पूर्वाधार

- सामुदायिक भवन निर्माण
- विद्यालय भवन निर्माण
- धार्मिक तथा पर्यटकिय स्थल संरक्षण कार्य

# आ.व. २०७३।०७४ मा हुने भौतिक पूर्वाधार विकासका कार्यहरु

# स्थानिय सडक

- DTMP मा परेका सडकहरु मध्य खानिडाँडा-रेग्मिटार सडकको कार्य अघि बढ्ने ।
- सडक नपुगेको गा.वि.स.हरुमा DTMP मा परेका सडकहरुको कार्य अघि बढाइने ।
- अन्य कार्यक्रम अन्तरगत परेका सडकहरुको कार्य ।
- झो. पु. अन्तरगत क्रमागत योजना तथा नयाँ योजनाहरुको कार्य हुने ।

# सिचाई

- SIP का क्रमागतमा परेका १३ योजनाहरु अघि बढाइने साथै थप ३२ योजनाहरु सुरु गरिने ।

# जल विद्युत

- स्थानिय लघु जलविद्युत आयोजनाहरुबाट विद्युत आपुर्ति गर्ने कार्य अन्तरगत रावा खोला लघु जलविद्युत आयोजना, माक्पाको कार्य अघि बढ्ने ।
- वतावरण,उर्जा तथा जलवायु परिवर्तन शाखाबाट रावा खोला ल.ज.वि., बाक्सिला -१०० कि.वा. सम्पन्न हुने तथा तापखोला ल.ज.वि.तेस्रो, सप्तेश्वर र रावा मटेउली ल.ज.वि., माक्पाको कार्य अघि बढ्ने ।
- पिको ल.ज.वि. आयोजनाहरुबाट विद्युत आपुर्ति - १९.५ कि.वा.(खिदिमा र खार्मी)
- सौर्य ऊर्जाबाट विद्युत आपुर्ति - ९ कि.वा. थप (च्यास्मिटार)
- सुधारिएको पानी घट्टबाट विद्युतीकरण - ४ वटा योजनाहरु

# अवसर तथा सम्भावना

- ७५ हजार हेक्टर भन्दा बढी भू-भागबाट कुनै न कुनै किसिमको उत्पादन लिन सकिने र जमीनको उर्वराशक्तिको हिसाबले केही कृषि तथा वनजन्य वस्तुहरु निर्यात गर्न सकिने

- अर्गानिक खेती प्रणालीको विकास गरी बजारीकरण गर्न सकिने

- विविध किसिमको हावापानी पाइने हुँदा बेमौसमी तरकारी, बीऊ, सुन्तला, स्कूस जस्ता वस्तुहरुको व्यावसायिक उत्पादन तथा मूल्य अभिबृद्धि (Value Add) गर्न सकिने

- योजनाबद्ध पर्यटन पूर्वाधार विकास र जिल्लाका मुख्य सडक सञ्जाल (DRCN) जस्ता गुरुयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न सकेमा आर्थिक विकासका साथै सबै गाविससम्म सर्वयामी सडक पुर्याउन सकिने

- बैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकिने

# क्रमशः.......

- मानवीय संशाधनको विकासलाई पूँजीकृत गरी आर्थिक विकासमा रुपान्तरण ल्याउन सकिने

- ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक महत्वका क्षेत्रहरुको संरक्षण, सम्बर्द्धन र विकासबाट आन्तरिक एवं बाह्‍य पर्यटकलाई आकर्षित गरी आर्थिक विकासलाई टेवा पुर्याउन सकिने

- मध्यपहाडी लोकमार्गको लामो खण्ड यसै जिल्लामा रहेकोले यसलाई उपयोग गरी आर्थिक विकास हासिल गर्ने सम्भावना प्रशस्त रहेको

- राजनैतिक दलहरुको बीचमा सहमति र सहकार्यको बातावरण रहेकोले असल विकास मैत्री संस्कृतिको नमूना जिल्लाको रुपमा विकास गरी विकासको गतिलाई तिव्रता दिन सकिने

# चुनौती

- जिल्लाका सबै गाविसलाई सदरमुकामसम्म पुग्ने तथा यस जिल्लालाई अन्य जिल्लाहरूसंग जोड्ने भरपर्दो यातायातको पहुँच नहुनु ।
- यातायातको कठिनाईका कारण ढुवानीमा उच्च लागत बृद्धिले विकास निर्माण कार्य प्रभावित हुनु ।
- विकास निर्माणका योजनाहरुको गुणात्मक बृद्धि भन्दा संख्यात्मक बृद्धितर्फ लाग्ने मनोबृत्तिको विकास हुनु ।
- सम्पन्न पूर्वाधारहरुको सामान्य मर्मत सम्भारलाई पनि जिविस, गाविस, न.पा. गुहार्ने प्रबृत्ति बढ्दै जानु ।
- अव्यवस्थित र अनियन्त्रित सडक निर्माण कार्यले भू-क्षय तथा बोट बिरुवाको विनाश बढ्दै जानु ।
- समयमा कार्य आरम्भ गरी निर्धारित समयमा काम सम्पन्न गर्ने परिपाटिको विकास नहुनु ।

# क्रमशः.......

- जिल्लाको आवश्यकता अनुसारको दिगो कृषि र पशुजन्य उत्पादन न्यून हुनु तथा उत्पादित वस्तुको समेत बजारमा पहुँच नहुनु ।
- पर्यटन विकासका लागि आवश्यक न्यूनतम पूर्वाधार तथा गुरुयोजनाको अभाव हुनु ।
- घरेलु उद्योग तथा लघुउद्यममा दिगोपनाको विकास नहुनु ।
- युवा जनशक्तीको अभावमा उत्पादनशील जमीन बाँझो अवस्थामा रहनु र पूराना पशुगोठहरु लोप हुँदै जानु ।
- जिल्ला विकास समितिको आन्तरिक आय न्यून हुनु तथा आय बृद्धिको दिगो सम्भावना नहुनु ।
- आधुनिक प्रविधिहरुको अवलम्वन गर्ने परिपाटीको विकास नहुनु ।
- पुनर्संरचना कार्यान्वयन हुंदा हाल कार्यान्वयन रहेका क्रमागत योजनाहरु समेत लाई कसरी व्यवस्थापन गर्ने ?

# जिल्ला विकास योजना छनौट तथा संचालनका मार्गदर्शन एवं आधारहरु

१) आवधिक जिल्ला विकास योजनाका प्राथमिकताकाहरु

२) तेह्रौं योजना (२०७०।७१ देखि २०७२।७३) ले तोकेका प्राथमिकताका क्षेत्रहरु

३) चौधौं योजना (२०७३।७४ देखि २०७५।७६) आधारपत्रका रणनीतिहरु

४) स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार आयोजना प्राथमिकताका क्षेत्रहरु

५) जिविसले आयोजना प्राथमिकताक्रम निर्धारण गर्ने आधारहरु

## जिल्लाको दीर्घकालिन सोच

# आवधिक जिल्ला विकास योजनाका प्राथमिकताकाहरु

१. कृषि उत्पादन अभिबृद्धिका लागी यातायात तथा भौतिक पूर्वाधार विकास
२. गुणात्मक शिक्षा प्रबर्द्धन
३. जनस्वास्थ्य सेवाको गुणात्मक बिस्तार
४. सुशासनको अभिबृद्धि
५. मझौला तथा साना जलबिद्युत बिकास
६. जलवायु परिवर्तनबाट पर्ने असर न्यूनीकरण गर्न वन तथा भू-संरक्षण
७. पर्यटन बिकासको लागी भौगालिक धार्मिक एवं सास्कृतिक सम्पदाहरुको संरक्षण
८. संचार क्षेत्रको आधुनिकीकरण
९. साना तथा मझौला उद्योगको स्थापना

**प्रथम आवधिक जिल्ला विकास योजनाको अवधि समाप्त भएको र सोको मध्यावधी समिक्षा भई सम्बद्ध पक्षबाट अन्तिम रुप दिई स्वीकृतिको प्रक्रियामा रहेको**

# चौधौं योजना (आ.व. २०७३।७४–२०७५।७६)
# आधारपत्रको रणनीतिहरु

१, कृषि क्षेत्रको रुपान्तरण, पर्यटन, औद्योगिक एवं साना तथा मझौला व्यवसायको विस्तारमार्फत उत्पादन बृद्धि गर्ने ।

२, उर्जा, सडक तथा हवाई यातायात, सूचना तथा सञ्चार र ग्रामीण–सहरी तथा त्रिदेशीय आबद्धता विकासका लागि पूर्वाधार निर्माण गर्ने ।

३, सामाजिक विकास र सामाजिक सुरक्षा एवं सामाजिक संरक्षणमा जोड दिदै मानव विकासमा उच्च तथा दीगो सुधार गर्ने ।

४, आर्थिक, सामाजिक एवं शासकीय सुधार, कुशल उवं जवाफदेही सार्वजनिक वित्त, स्वच्छ पारदर्शी र जनमैत्री सार्वजनिक सेवा एवं मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै समग्र सुशासन प्रवर्द्धन गर्ने ।

५, लैङ्गिक समानता, समावेशीकरण, वातावरण संरक्षण, विज्ञान तथा प्रविधिको उच्चतम प्रयोग तथा संस्थागत क्षमता बढाउने ।

# स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार आयोजना प्राथमिकताका क्षेत्रहरु

१. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
२. स्थानीय जनताको जीवनस्तर, आम्दानी र रोजगार बढाउने तथा प्रत्यक्ष लाभ हुने र गरीबी निवारणमा सहयोग पुर्‍याउने
३. कम लागत तथा बढी जनसहभागितामा संचालन हुने
४. स्थानीय साधन स्रोत तथा शीपबाट संचालन हुने
५. पिछडिएका वर्ग तथा महिला वर्ग र बालबालिकालाई प्रत्यक्ष लाभ हुने
६. वातावरणिय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्‍याउने

# जिविसले आयोजना प्राथमिकताक्रम निर्धारण गर्ने आधारहरु :

- क्रमागत एवं अधुरा तथा थोरै रकममा मर्मत सम्भार गरि पुनः संचालनमा ल्याउन सकिने
- आवधिक योजना तथा जिल्ला यातायात गुरुयोजना र अन्य क्षेत्रगत आवधिक योजनाले निर्दिष्ट गरेका विषयहरु
- सामाजिक परिचालनको माध्यमबाट पहिचान गरिएका लक्षित समुहका मागलाई सम्बोधन गरिने विषयहरु
- स्थानीय स्रोत, साधन, श्रम, शीप र प्रविधि प्रयोग हुने प्रकृतिका तथा तत्काल रोजगार सिर्जना गर्ने एवं आयआर्जनमा बढावा दिने विषयहरु
- प्रतिश्पर्धात्मक एवं तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन हुने कृषि, गैरकृषि र सेवा क्षेत्रका कार्यक्रम तथा आयोजनाहरु
- स्थानीयक निकायको आन्तरिक आय वृद्धि गर्ने कार्यक्रमहरु
- समान प्रकृतिका आयोजनाहरुमध्ये बढी जनसहभागिता एवं लागत सहभागिता जुटाउन सकिने आयोजनाहरु
- शिक्षा, स्वास्थ्य, पोषणसँग सम्बन्धित आयोजनाहरु

# सार्वजनिक निजी साझेदारी

- निजीक्षेत्र आकर्षित हुनसक्ने सम्भावित क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा साझेदारीमा काम गर्न जि.वि.स.ले निजीक्षेत्रलाई आव्हान गर्न सक्ने ।

# गै.स.स.को भुमिका

- योजना तर्जुमा कार्यमा दोहोरोपना हटाउने
- परिपुरक समन्वय कायम गर्ने
- सामाजिक विकासका लागि सहयोगीको भुमिका
- सामाजिक परिचालन र सहभागिता प्रवर्द्धन
- समुदाय, दातृसंस्था र सरकारी निकाय बिच मध्यस्थता गर्ने पुलको रुपमा सहयोगीको भुमिका
- स्थानिय निकायले योजना तर्जुमा गर्दा गै.स.स.हरु समेतबाट आयोजनाहरु माग गर्दै गै.स.स.हरुबाट प्राप्त संभाव्य आयोजना स्थानिय निकाय समक्ष पठाउने

# स्थानिय पूर्वाधार विकास निति २०६१ ले स्थानिय निकायले ७ वटा भौतिक पूर्वाधार विकासका कार्य गर्न सक्ने उल्लेख गरेको छ

१) स्थानिय यातायात

२) ग्रामिण खानेपानी तथा सरसफाई

३) साना सिचाई तथा नदी नियन्त्रण

४) लघु जलविद्युत तथा वैकल्पिक ऊर्जा

५) फोहर मैला व्यवस्थापन कार्य

६) आवास, भवन तथा शहरी विकास

७) सामाजिक पूर्वाधार विकास

# उपभोक्ता समिति गठन गरी योजना सम्झौता गर्नको लागि पालना गर्नुपर्ने पूर्व शर्तहरु:

- उपभोक्ता समिति गठन गर्ने पत्र प्राप्त भएको मितिले १५ दिन भित्र लाभान्वित घरधुरीको आम भेला गरी तोकिए बमोजिमका समितिहरु गठन गरी सम्झौताको लागि कार्यालयमा सम्पर्क राख्नुपर्ने छ ।
- उपभोक्ता समिति गठन गर्नु पूर्व सम्बन्धित क्षेत्रका सबै घरधुरीहरुलाई अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ ।
- उपभोक्ताहरुको आम भेला/समूहमा गाविस सचिव र सामाजिक परिचालक दुवै वा कुनै १ जना अनिवार्य उपस्थित भई गठन कार्य तथा जिम्मेवारीका सम्बन्धमा कार्यविधिमा आधारित भई जानकारी गराउने वा सहजिकरण गर्नुपर्ने छ ।

# क्रमशः........

- कार्यक्रम/योजनाबाट लाभान्वित १ घरबाट १ जनाको सहभागिता हुने गरी अधिकांश घरधुरीको उपस्थिति रहने गरी उपभोक्ता भेलाको आयोजना गर्नुपर्ने छ ।

- उपभोक्ता समूह/भेलाबाट आदिवासी जनजाति, दलित, महिला, पिछडिएका ( लक्षित ) वर्ग र व्यक्तिको उचित प्रतिनिधित्व हुने गरी निम्नानुसारका २ वटा अलग अलग समिति गठन गर्नुपर्ने छ :

(क) उपभोक्ता समिति : कम्तिमा ३३ प्रतिशत महिला रहने गरी ७ देखि ११ जना सम्मको उपभोक्ता समिति गठन हुनुपर्ने जसमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ पदमा महिला अनिवार्य रहनुपर्ने छ ।

(ख) अनुगमन तथा सहजिकरण समिति : सम्बन्धित वडाको वडा नागरिक मञ्चको १ जना प्रतिनिधि सहित कम्तिमा २ जना महिला रहने गरी ५ सदस्यीय समिति गठन गरिनुपर्ने छ ।

# क्रमशः........

- माथि उल्लेखित दुवै समितिमा स्थानीय निकाय ( स्रोत परिचालन तथा व्यवस्थापन ) कार्यविधि, २०६९ बमोजिम सदस्यमा रहन योग्य नभएको तथा सार्वजनिक पद धारण गरेका व्यक्ति - शिक्षक/कर्मचारी ) समितिको सदस्यमा बस्न हुने छैन ।
- उपभोक्ता समितिको खाता अनिवार्य रुपमा अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुने हुँदा सोही अनुसारको निर्णय हुनु पर्नेछ ।
- उपभोक्ता समिति गठन गरी निर्णय गर्दा स्थानीय निकाय ( स्रोत परिचालन र व्यवस्थापन ) कार्यविधि, २०६९ मा भए गरिएका कानूनी व्यवस्थाको पूर्णतः पालना गरिएको हुनुपर्नेछ ।
- योजना सम्झौताको लागि आम भेलाको उपस्थिति सहितको उपभोक्ता समिति र अनुगमन तथा सहजिकरण समितिको गठन, खाता सञ्चालन तथा सम्झौता गर्न प्रतिनिधि तोकिएको निर्णयको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

# क्रमशः........

- योजना सञ्चालन हुने स्थानको सञ्चालन हुनु पूर्वको अवस्थिति देखिने रंगिन फोटोहरु राख्नुपर्नेछ ।
- योजनाको पेश्की फछ्यौंट गर्न बाँकी भएको खण्डमा सो को फछ्यौंट नभई सम्झौता हुने छैन ।
- योजनास्थलको प्राविधिक निरीक्षण गराई लागत स्टीमेट गरी संलग्न राख्नु पर्नेछ ।
- समितिका सबै सदस्यहरुको आफैले प्रमाणित गरेको नागरिकता प्रतिलिपि अनिवार्य राख्नुपर्नेछ ।
- योजना सम्झौता गर्न सम्बन्धित गाविस कार्यालयको सिफारिस अनिवार्य रुपमा हुनुपर्नेछ ।

# योजना प्रस्ताव फारम

अनुसूची ६

**गाविस/नगरपालिकाले इलाकास्तरीय योजना तर्जुमा बैठकमा पेश गर्ने फाराम**

गाविस/नगरपालिकाको नाम :

| क.स. | विषयगत क्षेत्र | आयोजना/कार्यक्रमको नाम | प्राथमिकता क्रम | आयोजना स्थल गाविस/नपा वडा | योजनाको किसिम नयाँ/पुरानो/निर्माणाधिन | लाभान्वित घरधुरी | | | | | | लैंगिक रुपमा लाभान्वित महिला मात्र/पुरुष मात्र/दुवै | अनुमानित लगानी र प्रस्तावित श्रोत | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दलित | जनजाति | मधेशी | मुस्लिम | अन्य | जम्मा | | जिविस | गाविस/नपा | विषयगत निकाय | केन्द्र सरकार | अन्य खुलाउनुपर्ने | कुल जम्मा | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

**पेश गर्ने**

हस्ताक्षर..............................

नाम.....................................

पद..................................

मिति................................

# आ.व.२०७४।७५ को बजेट सिलिङ्ग

| बजेट उप-शिर्षक नं. | कार्यक्रमको नाम | आ.व. २०७४।७५ का लागि प्राप्त बजेट सिलिङ्ग (रकम रु.हजारमा) | | | कैफियत |
|---|---|---|---|---|---|
| | | चालु | पुजिगत | जम्मा | |
| ३६५८०१ | जिल्ला विकास समिति अनुदान | ४२७७४ | १५६०८ | ५८३८१ | |
| ३६५८०२ | गाउ विकास समिति अनुदान | ३५६१७ | १४१७४४ | १७७३६१ | |
| ३६५८१९ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, LGCDP | ४१३३३ | ० | ४१३३३ | |
| ३६५८०७ | ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम, RCIW | २०९० | ११००० | १३०९० | |
| ३६५८०४ | ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम | ४४७७ | ६६०० | ११०७७ | |
| ३६५८०९ | झोलुंगेपुल क्षेत्रगत कार्यक्रम | ० | १३८५६७ | १३८५६७ | |
| ३६५८०८ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | ० | २५४१० | २५४१० | |
| | यस पेजको जम्मा | ४२७७४ | १५६०८ | ५८३८१ | |

| बजेट उप-शिर्षक नं. | कार्यक्रमको नाम | आ.व. २०७४।७५का लागि प्राप्त बजेट सिलिङ्ग (रकम रु.हजारमा) | | | कैफियत |
|---|---|---|---|---|---|
| | | चालु | पुजिगत | जम्मा | |
| ३६५८३१ | स्थानीयस्तरका सडक, पुल तथा सामुदायिक पहुच सुधार कार्यक्रम | ० | ११००० | ११००० | |
| ३६५८३७ | साना सिंचाई, नदि नियन्त्रण तथा अन्य पुर्वाधार | ० | २६४०० | २६४०० | |
| ३६५१०१ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्वा विकास समिति | ० | ७७० | ७७० | |
| ३६५१०५ | आदिवासी जनजाति उत्थान प्रजा समेत | ० | ० | ० | |
| ३६५८४३ | स्थानीय सडक सुधार कार्यक्रम | २३९३ | २०२०४९ | २०४४४२ | |
| ३६५८४४ | साना सिंचाई कार्यक्रम | ५५० | ७७००० | ७७५५० | |
| ३६५८३८ | सुनौला हजार दिन कार्यक्रम | ८६६९३ | ० | ८६६९३ | |
| ३६५१०६ | उपेक्षित उत्पिडित तथा दलित वर्ग | ३०३ | ० | ३०३ | |
| | यस पेजको जम्मा : | ८७७३८ | ३१७२१९ | ४०४९५७ | |
| | अघिल्लो पेजको जम्मा | १२६२९० | ३३८९२९ | ४६५२१९ | |
| | कुल जम्मा | २१४०२८ | ६५६१४८ | ८७०१७६ | |

# कार्यतालिका

| | |
|---|---|
| १) २०७३ मंसिर ०५ गते | पूर्व योजना तर्जुमा गोष्ठी |
| २) २०७३ मंसिर मसान्त सम्म | टोल तथा वडा भेला र वडा नागरिक मञ्चको बैठक |
| ३) २०७३ पौष मसान्त सम्म | गाउँ परिषद् |
| ४) २०७३ माघ १७ देखि २६ सम्म | इलाका स्तरीय योजना तर्जुमा गोष्ठी |
| ५) २०७३ फाल्गुन २ देखि ६ सम्म | विषयगत समितिका बैठक |
| ६) २०७३ फाल्गुन ०८ गते | एकिकृत योजना तर्जुमा समितिका बैठक |
| ७) २०७३ फाल्गुन ०९ गते | जिल्ला विकास समिति बैठक |
| ८) २०७३ फाल्गुन १५ गते | जिल्ला परिषद् |

कार्यक्रमको पूर्ण तालिका सम्बन्धित गाविस तथा जिविसको कार्यालयबाट पछि प्रकाशित गरिनेछ ।

## जिल्ला विकास समिति खोटाङको

## अत्यन्त जरुरी

# सूचना !! सूचना !! सूचना !!

गत आर्थिक वर्षदेखि जिल्ला विकास समिति खोटाङले ***"विकासमा हाम्रो प्रतिबद्धता, समयमै योजना सम्झौता"*** नारा दिई योजना सम्झौता गर्ने कार्यलाई एउटा अभियानको रुपमा सञ्चालन गरी विकास निर्माण कार्यलाई प्रभावकारी एवं गुणस्तरीय ढंगले सञ्चालन गरी उत्कृष्ट नतिजा हासिल गरेको सबैमा विदितै छ। यस अभियानलाई सफल बनाउन सहयोग गर्नुहुने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। यस कार्यलाई निरन्तरता दिदै यस वर्ष सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गरी समयमै योजना सम्झौता गर्ने गराउने अभियान शुरुवात गरीएकोले मिति २०७३ मंसिर मसान्त भित्र सम्पूर्ण योजनाहरू सम्झौता गरी यस अभियानलाई सफल बनाउन सम्बद्ध सबैमा जिल्ला विकास समिति, खोटाङ हार्दिक अपिल गर्दछ।

- जिविसको कार्यालय, खोटाङ

# धन्यवाद